~सन् २०२६ साल जनवरीमा जारी गरिएको ~

# उपभोक्ता मामिला सञ्चार

यो सञ्चारले बारम्बार रिपोर्ट गरिने उपभोक्ता समस्याहरू, जस्तै किनमेल कठीनाईहरूको बारेमा नियमित रूपमा जानकारी दिन्छ ।

बिषय
**SNS उपभोक्ता समस्याहरु**

## SNS (सामाजिक सञ्जाल) बाट शुरु हुने समस्याहरूदेखि सावधान !



उपभोक्ता मामिला एजेन्सी चित्रण संग्रहबाट

**SNS** मा, "पहिलो २००० जनालाई १०,००० येन पर्ने र ति मध्येमा १० जनालाई १० लाख येन पर्ने" भन्ने उपहार योजना भेटाएर आवेदन दिएँ । त्यसपछि, विजेता भएको जानकारी आएर, FX स्वचालित ट्रेडिंग एपको लागि सम्झौता गर्नुपर्ने शर्त भनेर एपमा व्यक्तिगत जानकारी दर्ता गरेपछि, मैले १०,००० येन जम्मा भएको पाएँ ।

यद्यपि, एक महिना पछि, सुरक्षा शुल्क भनेर १००,००० येनको बिल आयो र यसपछि नाफा कमाउनको लागि ५००,००० येन तिर्नुपर्ने भनिएको थियो ।

## समस्याबाट बच्न

- **"सजिलो नाफा कमाउने" भन्ने कुनै कुरा छैन । SNS मा विज्ञापनहरूको सामग्री ध्यानपूर्वक जाँच गर्नुहोस् ।**
- **SNS मा भेटिने मानिसहरूलाई साँच्चै विश्वास गर्न सकिन्छ कि सावधानीपूर्वक निर्णय गरौं । पैसा दिने बित्तिकै सम्पर्क गर्न बन्द गर्न सक्छन् ।**
- **SNS मार्फत व्यक्तिगत जानकारी वा पहिचान कागजातहरू पठाएमा,पछि फिर्ता प्राप्त गर्न गाह्रो हुन्छ, र ठूलो समस्या निम्त्याउन सक्छ ।**
  **त्यसैले आफ्नो व्यक्तिगत जानकारीहरु कहिल्यै पनि नदिने गरौं ।**

==========================================


तोचिगी शहर उपभोक्ता मामिला केन्द्र

तोचिगी शियाकुस्यो प्रधान कार्यालय दोश्रो तल्ला सिमिन्-का (नागरिक जीवन विभाग)

खुल्ने दिन : सोमबार ~ बिहिबार (शनि/आईत, सार्वजनिक बिदा र नयाँ वर्षको बिदा बाहेक)

खुल्ने समय : बिहान ९ देखि १२ बजे, दिऊँसो १ देखि ४ बजे (※)

(※) नयाँ परामर्शहरू दिउँसो ३:०० बजेसम्म

फोन नम्बर: ०२८२-२३-८८९९


यदि तपाईंलाई कुनै समस्या छ भने, उपभोक्ता मामिला केन्द्रमा परामर्श गर्नुहोस् !



तोचिगी शहरको शुभंकर पात्र तोचिसुके